# साप्ताहिक समाचारपत्रिका

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

■ अंक ११ ■ वर्ष २ ■ जेष्ठ ११ गते ■ आईतबार




## हाम्रो अभियान

### गण्डकी प्रदेश सरकारको कोरोना विरुद्धको अभियान




आज सामाजिक विकास मन्त्रालय तथा स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशको आयोजनामा मणिपाल शिक्षण अस्पताल, पोखरामा गण्डकी प्रदेशका सबै जिल्ला अस्पताल र पोखराका मातृशिशु मेमोरियल अस्पताल तथा लेखनाथ लायन्स सामुदायिक अस्पतालमा कार्यरत चिकित्सक, नर्स र एनेस्थेसिया असिष्टेण्ट लगायतका सेवा प्रदायक स्वास्थ्यकर्मीहरुका लागि जटिल अवस्थाका बिरामीहरुको व्यवस्थापन सम्बन्धि तालिम सम्पन्न भएको छ । प्रशिक्षण कार्यक्रममा गण्डकी प्रदेश सामाजिक विकास मन्त्रालयका माननीय मन्त्री नरदेवी पुन मगरज्यू र स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्माज्यूको समेत उपस्थिती रहेको थियो ।



सहभागीहरुलाई मणिपाल शिक्षण अस्पतालका डा. हरि पौडेलले जटिल अवस्थाका बिरामीको व्यवस्थापन सम्बन्धि प्रशिक्षण प्रदान गर्नुभएको थियो ।




रिकभरिङ्ग नेपाल गण्डकी प्रादेशिक कार्यालय द्वारा सेभ द चिल्ड्रेन ग्लोबल फण्ड, एचआईभी र एड्स कार्यक्रम अर्न्तगतको आर्थिक सहयोगमा COVID-19 र बन्दाबन्दीका कारणले प्रत्यक्ष असर पारेका अति बिपन्न र गरिब लागुऔषध प्रयोगकर्ताहरुलाई गण्डकी प्रदेशमा रहेका कास्कीमा १० वटा, तनहुँमा १ र बाग्लुङ्गमा १ गरि जम्मा १२ वटा लागुऔषध हेरचाह केन्द्रमा रहेका २३९ (महिला १७ र पुरुष २२२) जना लागुऔषध प्रयोगकर्ताहरुलाई राहत स्वरुप खाद्यान्न सामाग्री बितरण गरियो ।



हब तथा सेटेलाईट अस्पतालमा काम गर्ने प्रयोगशालाकर्मीहरुलाई प्रयोगशाला सम्बन्धी क्षमता अभिबृद्धि गर्नका लागि स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेश तथा प्रदेश जनस्वास्थ्य प्रयोगशालाको आयोजनामा मिति २०७७ जेष्ठ ०५ गते प्रदेश स्वास्थ्य तालिम केन्द्रको सभा हलमा अभिमुखिकरण कार्यक्रम सम्पन्न भयो ।

## साबुन पानीले हात मिचीमिची धोऔं । मास्क र स्यानीटाईजरको प्रयोग गरौं ।



सामाजीक विकास मन्त्रालयमा माननीय मन्त्री नरदेवी पुन मगरज्यू, स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्माज्यू, महाशाखा प्रमुखहरु लगायत अन्य सरोकारवालाहरु सम्मिलित एक बैठक सम्पन्न भएको छ । बैठकमा पिसिआर परीक्षण, केस म्यानेजमेण्ट लगायत अन्य विषयमा छलफल सम्पन्न भएको थियो । बैठकको सहजीकरण स्वास्थ्य निर्देशनालय, स्वास्थ्य आपतकालिन कार्यसंचालन केन्द्रका संयोजक नवराज शर्माले गनुभएको थियो भने विश्व स्वास्थ्य संगठनका डा. राजिव लालचनले जिल्ला अस्पतालहरुमा जटिल अवस्थाका विरामीहरुको हेरचाह र व्यवस्थापन गर्नको लागी स्वास्थ्यकर्मीहरुलाई तालिम प्रदान गर्ने विषयमा समेत प्रस्तुतीकरण भएको थियो ।

**गण्डकी प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले प्रदेशका ११ वटै जिल्ला अस्पताललाई १-१ थान सवारी साधन उपलब्ध गराउने निर्णय गरेको छ ।**



अस्पतालमा जटिल अवस्थाका तथा कोभिड - १९ को समेत लक्षण भएका विरामीको रातीको समयमा तुरुन्त शल्यक्रिया गर्नुपर्ने अवस्था आएमा कोभिड-१९ को PCR परिक्षण गर्ने सुविधा हुनुपर्ने विषयमा स्वास्थ्य निर्देशनालयका निर्देशकज्यू र मणिपाल शिक्षण अस्पतालका निर्देशक तथा चिकित्सकको बीचमा छलफल सम्पन्न भएको छ ।



गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङज्यू, ६ जना मन्त्रीज्यूहरु, मन्त्रालयका सचिव, कर्मचारी सहित पिएसओ, सुरक्षाकर्मी गरी १ सय ४६ जनाको र प्रदेश सभाका सदस्य र कर्मचारी गरि ११९ जनाको स्वाब PCR परीक्षणका लागी संकलन गरिएकोमा सबैको परीक्षण परिणाम नेगेटिभ आएको छ ।



नेपाली सेनाले सोमबार लमजुङ जिल्ला सामुदायिक अस्पताल परिसरमा कोरोना भाइरसको संक्रमण बढेपछि गरिने विभिन्न क्रियाकलाप सम्बन्धी डेमो देखाएको छ । लमजुङको उदीपुरस्थित श्रीजंग गणाका सुरक्षाकमीले कोरोना संक्रमितको शव व्यवस्थापन सम्बन्धी डेमो प्रदर्शनी गरेका हुन् । सेनाले कोरोना भाइरस संक्रमण बढेपछि सुरक्षाकमी एवं स्वास्थ्यकमीले लगाउने व्यक्तिगत सुरक्षा सामग्री (पिपिई) को प्रयोग गर्ने तरिका, कोरोना भाइरस संक्रमित फेला परेपछि अस्पतालसम्म लैजाने तरिका, कोरोना भाइरसबाट मृत्यु भए उक्त शवलाई अस्पतालबाट अन्तिम संस्कार स्थलसम्म लैजानका लागि अपनाउनुपर्ने विधिलगायतमा डेमो देखाएका थिए ।








AIDS HEALTH CARE FOUNDATION (AHF) नेपालले NAPN को साझेदारीमा *COVID* अस्पताल पश्चिमान्चल क्षेत्रीय अस्पताल पोखरामा विभिन्न स्वास्थ्य सामाग्रीहरु हस्तान्तरण गरेको छ । AHF नेपालका क्षेत्रीय संयोजक डा. प्रिती आचार्य द्वारा पिपिइ, केहि मात्रा N95 मास्क ,सर्जिकल ग्लोभ्स ,थर्मल गन, रियुसेबल गोलोभ्स लगायत,केहि मात्रमा पलास्टिक रियूजेबल गूगल्स पस्चिमान्चल क्षेत्रीय अस्पतालका निर्देशक डा. अर्जुन आचार्यलाई एक समारोहका बीच हस्तान्तरण गर्नुभएको थियो । AHF नेपालले विभिन्न १५ सरकारी अस्पतालसंग साझेदारी गर्दै HIV/AIDS का विरामीलाइ यातायात, पोषण, प्रयोगशाला र औषधि उपचारखर्चमा सहयोग गर्दै आएको छ ।

सामाजिक विकास मन्त्रालयमा मन्त्रालयका सचिव श्री डिल्लीराम शर्माज्यूको विशेष उपस्थितिमा लेखनाथ लायन्स सामुदायिक अस्पताललाई प्रदेश सरकारको स्वामित्वमा ल्याउनका लागि गठित समितिको बैठक सम्पन्न भयो । स्वास्थ्य निर्देशनालयका निर्देशक तथा अध्ययन समितिका संयोजक डा. विनोद विन्दु शर्माले अध्ययन समितिले तयार पारेको प्रतिवेदन प्रस्तुत गर्नुका साथै प्राप्त सुझाव र पृष्ठपोषणलाई सम्वोधन गर्दै प्रतिवेदनलाई परिमार्जन र परिष्कृत गर्ने निर्णय भयो ।



गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्रीज्यू तथा सामाजिक विकास मन्त्रालयका माननीय मन्त्रीज्यूको प्रमुख उपस्थिति, गण्डकी प्रदेश सरकारका प्रमुख सचिवज्यु, विभिन्न मन्त्रालयका सचिवज्युहरुको विशेष उपस्थितिमा स्वास्थ्य निर्देशनालयका निर्देशक ज्यू, स्वास्थ्य तालिम केन्द्र तथा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका निर्देशकज्यू, सामाजिक विकाश मन्त्रालयका विभिन्न महाशाखा प्रमुखज्युहरु सहित गण्डकी प्रदेशको आगामी PCR परीक्षणको योजनाका बारेमा महत्वपूर्ण छलफल सम्पन्न भएको थियो



हब तथा सेटेलाईट अस्पतालमा काम गर्ने प्रयोगशालाकर्मीहरुलाई प्रयोगशाला सम्बन्धी क्षमता अभिबृद्धि गर्नका लागि स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेश तथा प्रदेश जनस्वास्थ्य प्रयोगशालाको आयोजनामा मिति २०७७ जेष्ठ ०८ गते पर्वत र बाग्लुङ जिल्लामा अभिमुखिकरण कार्यक्रम सम्पन्न भयो ।




मिति २०७७/०२/०८ र ०९ गते इपिडीमियोलोजी तथा रोग नियन्त्रण महाशाखा द्वारा संचालन गरिएको केश अनुसन्धान, कन्ट्याक्ट ट्रेसिंग तथा सूचना व्यवस्थापन सम्बन्धि अनलाइन अभिमुखीकरण कार्यक्रमको विश्व स्वास्थ्य संगठनको प्राविधिक सहयोगमा स्वास्थ्य निर्देशनालय, स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्रमा सम्पन्न भएको छ ।

विदेशबाट घर फर्किएकाहरु अनिवार्य रुपमा घरमै होमरसेल्फ क्वारेन्टाईनमा बसौं ।

होम क्वारेन्टाईनमा बस्दा निम्न कुराहरु अनिवार्य पालना गरौ ।

क) पर्याप्त भेन्टिलेसन भएको कोठामा एक्लै बस्ने र यो सम्भव नभएमा छुट्टै ओछ्यानमा सुतिरहेको अर्को व्यक्तिसंग कम्तिमा १ मिटर दुरी राख्ने ।

ख) आफु बस्ने कोठा आफै सफा गर्ने ।

ग) स्वास्थ्य संस्था जान बाहेक अन्य कामको लागि घर बाहिर नजाने ।

घ) नियमित रुपमा आफ्नो हात साबुन पानीले मिचिमिची धुने, वा हात सफा राख्न अल्कोहलयुक्त हेन्ड सेनिटाईजर प्रयोग गर्ने । हात नधोई आँखा, नाक र मुख छुन बाट जोगिने ।

ङ) अन्य व्यक्तिहरुसंग प्रत्यक्ष सम्पर्क नगर्ने । यदि अन्य व्यक्तिहरुसंगको सम्पर्कमा आउनु पर्दा, कम्तिमा १ मिटरको दुरी राख्ने र यदि अर्को व्यक्तिसंग एउटै कोठामा हुँदा र स्वास्थ्य संस्था जाँदा मास्क लगाउने । खोक्दा वा हाछ्यु गर्दा आफ्नो मुख र नाकलाई टिस्यु पेपर, रुमाल वा कुहिनोले छोप्ने ।



स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्माज्यू, सामाजिक विकास मन्त्रालय, नीति, कानुन, मापदण्ड योजना तथा जनस्वास्थ्य महाशाखा प्रमुख शम्भु ज्ञवालीज्यू र अस्पताल विकास महाशाखा प्रमुख डा. रामबहादुर के.सी र विश्व स्वास्थ्य संगठनका डा. दिपेन्द्र गौतम, डा. सुवास न्यौपाने, डा. राजीव लालचनबीचको भेटघाटमा कोभिड-१९ Case Investigation र Contact Tracing को महत्व र त्यसको पूर्वतयारी तथा स्थानीय तहमा गठन गरिने CICT टीमको बारेमा छलफल भएको थियो ।




विश्व स्वास्थ्य संगठनको प्राविधिक सहयोगमा इपिडीमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको आयोजनामा केश अनुसन्धान र कन्ट्र्याक्ट ट्रेसिंग सम्बन्धी भर्चुअल अभिमुखीकरण कार्यक्रममा स्वास्थ्य निर्देशनालयबाट निर्देशकज्यू, सामाजिक विकास मन्त्रालयबाट महाशाखा प्रमुख शम्भु ज्ञवालीज्यू, निर्देशनालयबाट नवराज शर्मा, लक्ष्मण बसौला र दिवाकर शर्माज्यू, विश्व स्वास्थ्य संगठनका भानु याग्देन, डा. राजीव लालचन, डा. दिपेन्द्र गौतम, डा. सुवास न्यौपाने, डा. नन्दलाल सिकर्मी, शंकर अधिकारी, सुबोध लामिछाने, किरण घिमिरे र स्वर्णिम लिम्बुको सहभागिता रहेको थियो । कार्यक्रममा GO.Data सफ्टवेयर सम्बन्धी प्रशिक्षण समेत भएको थियो ।



जिल्ला प्रशासन कार्यालय, कास्कीको सभाकक्षमा सामाजिक विकास मन्त्रालयका माननीय मन्त्रीज्यू एवं कोरोना भाइरस रोग रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धी कोष संचालक समितिका संयोजक माननीय नरदेवि पुन मगरज्यूको अध्यक्षतामा कोष संचालक समितिको बैठक सम्पन्न भयो । उक्त बैठकमा प्रदेश निती तथा योजना आयोगका मा. उपाध्यक्ष डा. गिरिधारी शर्मा पौडेलज्यू, मुख्य न्यायाधिवक्ताको कार्यालयका मुख्य न्यायाधिवक्ता डा. राजेन्द्र घिमिरेज्यू, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिव गणेश प्रसाद पाण्डेयज्यू, आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव रामेश्वर दङ्गालज्यू, आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव किरणराज शर्माज्यू, सामाजिक विकास मन्त्रालयका सचिव डिल्लीराम शर्माज्यू, स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्माज्यू, प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्रका निर्देशक खिमबडादुर खड्काज्यू, सामाजिक विकास मन्त्रालयका बरिष्ठ स्वास्थ्य प्रशासक डा. राम बहादुर के.सी.ज्यू तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषदका कार्यालय, पोखराका प्रमुख सचिव श्री हरिप्रसाद बस्यालज्यूको विशेष उपस्थिति रहेको थियो ।



मिति २०७७/०२/०९ स्वास्थ्य कार्यालय म्यादीका कार्यालय प्रमुख एक नारायण लम्सालको अध्यक्षतामा तथा डा. सन्जिब मणि रेग्मी (कन्सल्टेन्ट माईक्रोबाईलोजिस्ट) को प्रमुख सहजिकरणमा बेनी जिल्ला अस्पताल, म्याग्दी लगायत जिल्लाका स्थानीय तहअन्तर्गत स्वास्थ्य संस्था तथा निजिक्षेत्रमा कार्यरत प्रयोशालाकर्मीहरुका लागि प्रयोगशाला क्षमता अभिवृद्धि सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न भयो । साथै स्वास्थ्य कार्यालय, कुस्मा पर्वतका कार्यालय प्रमुख डा. भोज राज गैतमको अध्यक्षतामा तथा डा. सन्जिब मणि रेग्मी (कन्सल्टेन्ट माईक्रोबाईलोजिस्ट) को प्रमुख सहजिकरणमा पर्वत जिल्ला अस्पताल लगायत जिल्लाका स्थानीय तहअन्तर्गत स्वास्थ्य संस्था तथा निजिक्षेत्रमा कार्यरत प्रयोशालाकर्मीहरुका लागि प्रयोगशाला क्षमता अभिबृद्धि सम्बन्धि अभिमुखिकरण कार्यक्रम पनि सम्पन्न भयो ।



नबराज शर्मा
स्वास्थ्य शिक्षा प्रशिक्षक
स्वास्थ्य निर्देशनालय, पोखरा

घरमै बसौं, सुरक्षित रहौं

हेलो डाक्टर
१०९२